डुङ्गेश्वर गाउंपालिका

गाउँ कार्यपालिका कार्यालय

दैलेख

कर्णाली प्रदेश , नेपाल

-

डुङ्गेश्वर गाउँपालिकाको मर्मत संभार कोष सञ्चालन कार्यविधि-२०७५

प्रमाणिकरण मिति : २०७५।३।१७ प्रमाणित गर्नेको दस्तखत :

कार्यपालिकाबाट स्वीकृत मिति :२०७५।३।१५

डुङ्गेश्वरगाउँपालिकाको मर्मत संभार कोष सञ्चालन कार्यविधि-२०७५

(डुङ्गेश्वर गाउपालिकाको सडक तथा अन्य भौतिक पूर्वाधार मर्मत तथा संभार गर्नका लागि बनेको कार्यविधि)

प्रस्तावना:

डुङ्गेश्वरगाउँपालिकाले प्रत्येक आर्थिक वर्षमा संचालन गर्दै आएका योजना, विकास निर्माणका क्रियाकलाप तथा भौतिक पूर्वाधारहरुको मर्मत तथा संभार गरी दिगो विकासको निरन्तरताको लागि नेपालको संविधान वमोजिम अधिकार प्रयोग गरी डुङ्गेश्वर **गाउँकार्यपालिकाले मर्मत संभार कोष संचालन कार्यविधि २०७५** तर्जुमा गरी लागु गरिएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यस निर्देशिकाको नाम **"मर्मत संभार कोष संचालन कार्यविधि-२०७५"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

परिच्छेद-२

परिभाषा

२. परिभाषा:

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"मर्मत संभार"**भन्नाले डुङ्गेश्वरगाउँपालिकाले संचालन गरेका सबै प्रकृतीका योजनाहरुको नियमितमर्मत संभार, स्तरोन्नती गर्ने कार्यलाई सम्झनुपर्दछ ।

(ख) **"कार्यविधि"** भन्नाले मर्मत संभार कोष संचालन कार्यविधि २०७५ सम्झनु पर्दछ ।

(ग) **"गाउँपालिका"** भन्नाले डुङ्गेश्वरगाउँपालिकालाई सम्झनु पर्दछ ।

(घ) **"सचिब"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ङ) **"स्थानीय तह"** भन्नाले गाउँपालिकालाई सम्झनु पर्दछ ।

(च) **"भौतिक पूर्वाधार"** भन्नाले गाउँपालिका भित्रका सडक, खानेपानी, सिंचाई, सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाहरु साथै पुरातात्विक, साँस्कृतिक, ऐतिहासिक क्षेत्र वा सो जन्य पूर्वाधार भनि सम्झनु पर्दछ ।

(छ) **"उपभोक्ता समिति"** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, संचालन, व्यवस्थापन र मर्मत संभार गर्नको लागि आफुहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्दछ र सो समुहले लाभग्राही समुहलाई समेत जनाउँदछ ।

(ज) **"गैरसरकारी संस्था"** भन्नाले यस निर्देशिकाको प्रयोजनका लागि प्रचलित कानुन बमोजिम स्थापना भएका र स्थानीय तहबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसँग समन्वय राखि कार्य संचालन गर्ने गैर नाफामुलक संस्था सम्झनु पर्दछ ।

(झ) **"विकास साझेदार"** भन्नाले नेपाल सरकारसँग भएका सम्झौता बमोजिम नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षिय दातृ निकाय, संयुक्त राष्ट्रसंघिय निकायहरु तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था सम्झनु पर्दछ ।

(ञ) **"भुक्तानी रकम"** भन्नाले निर्माण भएको आयोजनाको भुक्तानी हुँदा गाउँपालिका अनुदान, नेपाल सरकारको अनुदान, कुनै अन्य संस्थाको अनुदान तथा उपभोक्ताको लागत सहभागिताको रकमलाई समेत जनाउँदछ ।

परिच्छेद-३

व्यवस्थापन समिति

३. व्यवस्थापन समितिको गठन:

(१) मर्मत संभार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढंगले संचालन गर्नका लागि देहाय बमोजिमको एक मर्मत संभार कोष व्यवस्थापन समिति रहनेछ:

(क) गाउँपालिकाको अध्यक्ष	संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत	सदस्य
(ग) लेखा प्रमुख	सदस्य
(घ) योजना शाखा प्रमुख	सदस्य
(ङ) प्राविधिक शाखा प्रमुख	सदस्य- सचिब

(२) समितिको बैठक कम्तिमा ४ महिनाको एक पटक बस्नेछ र आवश्यक परेमा जुनसुकै बखत पनि बस्नेछ ।

(३) बैठकमा आवश्यकता अनुसारका व्यक्ति तथा सम्बद्ध विशेषज्ञलाई आमन्त्रण गरी आमन्त्रितको रुपमा राख्न सकिनेछ ।

४. व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार:

व्यवस्थापन समितिको देहाय बमोजिमको काम कर्तव्य र अधिकार हुनेछ:

(क) गाउँपालिकामा रहेका भौतिक पूर्वाधारहरुको प्राथमिकता तोकी मर्मत संभारको एकिकृत बार्षिक कार्यक्रम बनाउने ।

(ख) मर्मत संभार कोषमा रकम जम्मा गर्न स्रोत र साधनको खोजी गर्ने ।

(ग) मर्मत संभारलाई दिगो र भरपर्दो बनाउने उपायहरुको खोजि गर्ने ।

(घ) भौतिक पूर्वाधारहरुको नियमित मर्मत संभार, स्तरोन्नती संबन्धी व्यवस्थापकीय कार्यहरु गर्ने ।

(ङ) मर्मत संभार गर्दा लाग्ने खर्चमा न्यूनीकरण गर्न तत् सम्बन्धी कार्य योजना बनाउने ।

(च) मर्मत संभार कार्यलाई प्रभावकारी बनाउने ।

(छ) मर्मत संभार संबन्धी कार्यको अनुगमन तथा निरीक्षण गर्ने ।

परिच्छेद- ४

कोष स्थापना

५. मर्मत संभार कोषको स्थापना:

मर्मत संभार कोषको नामले एउटा छुट्टै कोषको स्थापना गरिनेछ जसमा देहाय बमोजिमका रकम जम्मा हुनेछ ।

(क) नेपाल सरकारबाट मर्मत संभार कोषको लागि तोकी दिएको रकम ।

(ख) स्थानीय तहबाट मर्मत संभारको लागि प्राप्त रकम ।

(ग) स्थानीय गैर सरकारी संस्थाबाट मर्मत संभारको लागि प्राप्त रकम ।

(घ) विकास साझेदारहरुबाट मर्मत संभारको लागि प्राप्त रकम ।

(ङ) गाउँपालिकाबाट संचालन भएका योजना आयोजनाको विनियोजित बजेटबाट४ प्रतिशतले हुन आउने रकम ।

(च) अन्य निकायहरुबाट मर्मत संभार कोषमा जम्मा हुने गरी तोकी दिएको रकम ।

६. कोष संचालन:

(१)कोषको नाममा प्राप्त हुन आएका रकम डुङ्गेश्वर गाउँपालिकाको मर्मत संभार कोषको नाममा खाता खोली जम्मा गरिनेछ ।

(२) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(३) कोषको आन्तरीक लेखापरीक्षण गाउँपालिकाको आन्तरीक लेखा परीक्षण शाखाबाट हुनेछ । तर गाउँपालिकाको आन्तरीक लेखा परीक्षण शाखा नभएको खण्डमा प्रचलित ऐन तथा नियमानुसार आन्तरीक लेखा परीक्षण गर्नुपर्नेछ ।

(४) कोषको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

परिच्छेद- ५

योजना छनौट तथा कार्यान्वयन प्रक्रिया र सडक मर्मत संभारकर्ता छनौट

७. योजना छनौट तथा कार्यान्वयन प्रक्रिया:

मर्मत संभार कोषमा जम्मा हुन आएको रकम देहायको प्रक्रिया मार्फत योजना छनौट तथा कार्यान्वयन गरिनेछ ।

(क) पूर्वाधार विकास तथा भवन नियमन शाखाले तत्काल मर्मत संभार गर्नुपर्ने भनी स्थलगत रुपमा स्थानीय जनताको माग तथा सो लाई पुष्टि गर्ने प्राविधिक प्रतिवेदन प्राप्त भएकामा मर्मत संभार सम्बन्धी कार्यहरु छनौट गरी कार्यादेश भएको मितिले अधिकतम १ महिनाभित्रमा मर्मत संभार गरिसक्नु पर्नेछ ।

८. मर्मत संभार कार्य गराउन सक्ने व्यवस्था:

गाउँपालिका भित्र रहेका भौतिक पूर्वाधारहरुको नियमित मर्मत संभार, पटके मर्मत, आवधिक मर्मत संभार स्थानीय उपभोक्ताहरुबाट अधिकतम रुपमा स्थानीय साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा संचालन गरिनेछ । उपभोक्ता समितिबाट कार्य गराउँदा गाउँपालिकाबाट स्वीकृत योजना संचालन तथा व्यवस्थापन कार्यविधि र उपभोक्ता समिति निर्देशिका अनुसार गरिनेछ । भौतिक पूर्वाधारहरुको नियमित मर्मत संभार, पटके मर्मत, आवधिक मर्मत संभार, आकस्मिक मर्मत संभार सम्बन्धी कार्य कार्यालय आफैंले पनि प्रचलित कानुन बमाजिम गर्न सक्नेछ । साथै स्थानीय साझेदारीको अवधारणालाई आत्मसात गर्न देहाय बमोजिम समेत मर्मत संभार गर्न सकिनेछ ।

(क) गाउँपालिकाको लागत सहभागितामा सम्पन्न तथा उपभोक्ता समिति मार्फत भएका भौतिक पूर्वाधार कार्यहरुको उपभोक्ता समितिले मर्मत संभारका लागि कुल लागतको ३० प्रतिशत रकम जम्मा गरेमा उक्त कार्य प्राथमिकतामा राखी गर्ने ।

(ख) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ अनुसार स्थानीय निकायबाट हस्तान्तरण भएका आयोजनाहरुको हकमा ६० प्रतिशत रकम त्यस्ता उपभोक्ता समितिबाट व्यहोर्ने मर्मत संभारका योजनाहरुलाई प्राथमिकतामा राखी छनौट गर्नुपर्नेछ ।

(ग)दफा ८ को खण्ड (क) र (ख) मा जुन सुकै विषय उल्लेख भएता पनि गाउँपालिका स्तरवाटनिर्माण र संचालनमा रहेका सडक, खानेपानी, सिंचाइ जस्ता आयोजनाहरुको दैनिक मर्मत संभार कार्यको लागी गाउँपालिकाले प्रति वडा ३ जनाका दरले मर्मत संभारकर्ता दैनिक ज्यालादारीमा गाउपालिकाले तोकेको दरमा प्रत्येक वर्षको वैसाख १ देखि असोज मसान्त सम्मका लागी सम्वन्धीत वडा अध्यक्षले काममा लगाउन सक्नेछ

ग) आयोजनाको मर्मत संभार कर्ताले प्रयोग गर्ने औजार , उपकरण ,र अन्य सामानहरुको व्यवस्था गाउँपालिकाले गर्नेछ ।

घ) सडक मर्मत संभार कर्ताको काम, कर्तव्य, अधिकार , ज्याला , जस्ता विषय सम्झौतामा उल्लेख हुनेछ ।

(ड)सडक मर्मत संभार कार्यको लागी मर्मत संभार कोषमा कुल पुजिगत रकमको कन्टेन्जेन्सी रकम कटाएर वाँकी रहेको रकमको ५ प्रतिशतका दरले कटी गरि राख्नु पर्नेछ ।

परिच्छेद-७

विविध

९. विविध:

(१) मर्मत संभार कोष संचालन कार्यविधि संशोधन वा खारेज गर्नु परेमा कार्यपालिकाबाट हुनेछ ।

(२) यो कार्यविधिमा उल्लेख भएको कुराहरुको हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

(३) यस कार्यविधिमा लेखिएको कुराहरु प्रचलित स्थानीय सरकार संचालन ऐन २०७५ सँग बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछन् ।